म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
प्रदेश नं. ३
इमेल : myagangrm@gmail.com

प.सं.:
च.नं.:

मिति : २०७५/१०/२०

# ल्होछारको शुभकामना

## (ल्होछारला ज्याबाङन्बा)

मञ्जुश्री सम्बत् २८५५ सोनाम ल्होछार (फाग/ङ्वा ल्हो) पर्व २०७५ को पावन अवसरमा सम्पूर्ण म्यागङवासी एवं देश तथा विदेशमा रहनुभएका आमाबुवा , दाजुभाई तथा दिदिबहिनिहरुमा सुस्वास्थ्य , दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कमना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

तामाङहरुको महान पर्व तथा नयाँ वर्षको रुपमा समेत मनाइने यस पर्वले हामी सम्पूर्ण म्यागङवासीमा सहकार्य , सहिष्णुता तथा विकास निर्माणको लागि थप उर्जा प्रदान गर्ने विश्वाश लिएका छौं । तामाङ लगायत सम्पूर्ण जातजाती , भाषा ,धर्म, भेषभुषा तथा संस्कृतीको जगेर्ना तथा प्रबर्द्धन गर्न म्यागङ गाउँपालिका सदैव लागि नै रहने छ ।

म्यागङ गाउँपालिकाले विकास निर्माणको कामलाई तिव्रता दिँदै संबृद्धीको मार्गतर्फ अघि बढिरहेको तथ्य यहाँहरु सबैले महशुस गर्नु नै भएको होला । तर यो नै अन्तिम र पूर्ण भने होइन । म्यागङको सर्वाङ्गिण विकास गर्दै समुन्नत तथा संमृद्ध बनाउनको लागि म्यागङवासी आमाबुवा , दाजुभाई तथा दिदिबहिनिहरु लगायत सम्बन्धित सबैबाट रचनात्मक राय तथा सल्लाह सुझावको अपेक्षा गर्दछौं ।

अन्तमा, ल्होछार पर्व हर्षोल्लासका साथ मनाउन हार्दिक अनुरोध गर्दै म्यागङलाई थप प्रविधिमैत्री , समुन्नत , विकसित तथा नमूना बनाउन सम्पूर्ण म्यागङवासी महानुभावहरुको साथ तथा सहयोगको लागि अपेक्षा गर्दछौं ।

**धन्यवाद !**

| | | |
|---|---|---|
| प्रमोद तिमल्सिना | शान्ती लामा गुरुङ | आशा तामाङ |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |